आज मिति २०८२।०२।२८ गते बिहान ११.०० मा यस सरुमारानी गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिको बैठक समितिका संयोजक एवं गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माज्यूको अध्यक्षतामा बैठक बसी निम्नानुसारका निर्णय गरियो ।

<u>उपस्थिति</u>

गाउँपालिका अध्यक्ष श्री झगबहादुर विश्वकर्मा -संयोजक

गाउँपालिका उपाध्यक्ष श्री वसन्ता खड्का -सदस्य

प्रमुख प्रशासकीय अधिकृत श्री त्रिविक्रम खड्का -सदस्य

ने.क.पा.एमाले पार्टी अध्यक्ष/सचिव श्री टिकाराम पुन - सदस्य

नेपाली कांग्रेस पार्टी सभापति/प्रतिनिधि श्री ........................ -सदस्य

ने.क.पा. माओवादी केन्द्र पार्टी अध्यक्ष/प्रतिनिधि श्री [illegible] -सदस्य

राष्ट्रिय स्वतन्त्र पार्टी प्रतिनिधि श्री................................ -सदस्य

पुर्वाधार विकास समिति संयोजक श्री चिन्त बहादुर सोमैमगर -सदस्य

सामाजिक विकास समिति संयोजक श्री भिम बहादुर मर्साङ्गी -सदस्य

आर्थिक विकास समिति संयोजक श्री मोहम्मद हलिम हलुवाई -सदस्य

वन तथा वातावरण समिति संयोजक श्री पुर्ख सिंह सुनार -सदस्य

वडा न. २ का वडा अध्यक्ष श्री भानुभक्त भुसाल -सदस्य

वडा न. ५ का वडा अध्यक्ष श्री लक्ष्मी पल्ली मगर -सदस्य

वडा न. १ का वडा अध्यक्ष श्री नर बहादुर घर्ती -सदस्य

वडा न. ६ का वडा अध्यक्ष श्री तिलबहादुर बुढा -सदस्य

पूर्वाधार विकास शाखा प्रमुख ई. श्री सुभाष गौतम -सदस्य

ढुंगेगढि प्रहरी चौकीका प्रतिनिधि श्री...राम नारायण चौधरी -सदस्य

वङ्गाडा प्रहरी चौकीका प्रतिनिधि श्री....[illegible] -सदस्य



CamScanner

नगर प्रहरी श्री ...कालि पुन मगर... -सदस्य

ने.रे.सोसाईटी बांगेशाल उपशाखाको प्रतिनिधि श्री ...ह.नि. प्र. अधिकारी... -सदस्य

उ.वा.संघ बड्डाडा वजार केन्द्रको प्रतिनिधि श्री ...मौ. अतिउल्ला हलवाई... -सदस्य

गै.स.स.महासंघकाका स्थानीय प्रतिनिधि श्री ...केदराज पाण्डे... -सदस्य

नेपाल पत्रकार महासंघको प्रतिनिधि श्री........................... -सदस्य

महिला विकास समिति संयोजक श्री ...प्रमिला श्रेष्ठ... - सदस्य

अपांगता संजाल समितिको प्रमुख/प्रतिनिधि.................................. -सदस्य

विपद् फोकल पर्सन श्री लक्ष्मण आचार्य ............................... सदस्य सचिव

<u>आमन्त्रित:</u>

प्रतिबद्ध पत्रिकाजेता प्रतिनिधि, विनोद थुमार

खगेन्द्र रानाभाट स्वास्थ्य शाखा प्रमुख

पुष्पलाल शाही शिक्षा शाखा प्रमुख

गोपाल सिंह धामी - CSRC विपद अधिकृत

लोकीसरा खाद मगर - CSRC विपद सहजकर्ता

धन बहादुर राना स्वरनआरनी ओ.पा.की.ति.

शंकर राज आचार्य - " " सहजकर्ता

गिता सारु मगर इ.र.वो.

शान्तराज आचार्य उपविधायाय सदस्य

प्रस्तावहरुः

१. मनसून पुर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८२मा मनसूनको पुर्वानुमानको जानकारी सम्बन्धमा ।

२. विपद् पुर्वतयारी तथा प्रतिकार्यका लागि सामग्रीको अवस्था सम्वन्धमा ।

३. पुर्वतयारीको लागि विषयगत समिति र वडा विपद व्यवस्थापन समितिको बैठक र तयारी सम्वन्धमा ।

४. टोल विकास सस्थाका प्रतिनिधिहरुलाई विपद् अभिमूखिकरण सम्वन्धमा ।

५ विपद जोखिमको आपतकालिन सूचना प्रवाहको लागि म्यासेज खरिद सम्वन्धमा ।

५. विपद् प्रभावित व्यक्तिलाई गरिएको सहायता सम्बन्धि जानकारी सम्वन्धमा ।

६. सडक हेरालु/मर्मत कार्यकर्ता सम्वन्धमा ।

७. एम्बुलेन्स, डोजर, उद्दार टोली, मेडीकल/स्वास्थ्य टीम, खुला/सुरक्षित स्थानको पहिचान सम्वन्धमा ।

८. विविध सम्वन्धमा ।

भक्त बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

मिति २०८२।२।२८ गतेका विपद व्यवस्थापन समिति बैठकका निर्णयहरु:-

निर्णय नं १ मनसून पुर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८२ मा मनसूनको पुर्वानुमानको जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. १ माथी छलफल गर्दा संघीय सरकारबाट स्वीकृत मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२ अनुसारको वि.स. २०८२ सालको मनसुनको पुर्व अनुमानको विषयमा जानकारी भयो ।

निर्णय नं २ विपद् पुर्वतयारी तथा प्रतिकार्यका लागि सामग्रीको अवस्था सम्बन्धमा ।

प्रस्ताव नं. २ माथी छलफल गर्दा मनसुन जन्य विपद् र अन्य विपदबाट हुने संभावित घटनाहरुबाट पर्न सक्ने प्रभावहरुलाई न्यूनिकरण गर्न पुर्वतयारी तथा प्रतिकार्यकालागि आवश्यक सामाग्रीहरु मध्ये दर्भान र वङ्गाडा प्रहरी चौकी, वडा कार्यालयहरु र गाउँपालिकाको आपतकालिन कार्यसंचालन केन्द्रमा रहेका सामाग्रीहरुको हालको अवस्थाको विषयमा जानकारी भयो । साथै अपुग हुन सक्ने तपशिलका सामाग्रीहरु खरिद गरी तयारी गर्ने निर्णय गरियो ।

तपशिल

१. त्रिपाल १८*२४- १०० थान
२. त्रिपाल १५*१८- ८० थान
३. स्टेचर फोल्डीङ्ग- १८ थान
४. उड कटर- १ वटा
५. सर्चिन लाईट- ३ वटा
६. विभिन्न साईजका पाईप- २००० मीटर
७. पि-फम- ५० मिटर
८. हाते आरा- ३ वटा
९. रेस्क्यू ल्याडर- १२ मिटर- ३ थान
१०. Steel bucket- ६थान
११. Bold cutter- ६ थान
१२.तारजाली-५० थान (साईज-१/१/१, १/१/२ र १/१/३)

निर्णय नं ३ पुर्वतयारीको लागि विषयगत समिति र वडा विपद व्यवस्यापन समितिको बैठक र तयारी सम्बन्धमा ।

प्रस्ताव नं. ३ माथी छलफल गर्दा पुर्वतयारी तथा प्रतिकार्यका लागि गठन भएका सबै विषयगत समिति, वडा स्तरीय विपद व्यवस्थापन समिति र टोल स्तरीय समितिहरुको बैठक बसी मनसुन जन्य विपद्को तयारी गर्ने निर्णय गरियो ।

निर्णय नं ४ टोल विकास सस्थाका प्रतिनिधिहरुलाई विपद् अभिमूखिकरण सम्बन्धमा ।

प्रस्ताव नं. ४ माथी छलफल गर्दा विपद प्रभावित वडा र वस्तीलाई आधारमानी टोल विकास संस्थाका पदाधिकारीहरुलाई विपद सम्बन्धी सचेतिकरणको लागि अभिमूखिकरण गर्ने, सो को लागि प्रतिवद्ध-३/CSRC लाई प्रविधिक सहयोग माग गर्ने र कार्यक्रमको चिया खाजा खर्च गाउँपालिकाले ब्यहोर्ने निर्णय गरियो ।

निर्णय नं ५ विपद जोखिमको आपतकालिन सूचना प्रवाहको लागि म्यासेज खरिद सम्बन्धमा ।

प्रस्ताव नं. ५ माथी छलफल गर्दा विपदजन्य घटनाको उच्चजोखिममा रहेका बस्ती तथा घरपरिवारलाई तत्काल जानकारी गराई हुन सक्ने विपदजन्य घटनाबाट सुरक्षित रहन जानकारी गराउने प्रयोजनको लागि Bulk Massage टेलिकमबाट खरिद गरी आपतकालिन सूचना प्रवाहको ब्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं ६ विपद् प्रभावित ब्यक्तिलाई गरिएको सहायता सम्बन्धि जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. ६ माथी छलफल गर्दा सरुमारानी गाउँकार्यपालिकाको विभिन्न बैठकबाट विपद रहात वितरण सम्बन्धि गरिएका तपशिलका निर्णयहरु जानकारी गराईयो ।

गाउँकार्यपालिका बैठक: २०८२।२।८

**विपद् प्रभावित ब्यक्तिहरुको लागि सहयोग र सामग्री ब्यबस्थापन सम्बन्धमा।**

क) प्रस्ताव नं. ८ माथि छलफल गर्दा २०८२।२।७ गते हावाहुरीका कारण तपशिलका ब्यक्ति/संस्थाहरुको घरको छाना हावा हुरीले उडाई क्षति पुगेकोले क्षतिको गम्भिर्यतालाई हेरी विपद ब्यवस्थापन कोषबाट बढिमा २५,०००/- सम्म सहयोग उपलब्ध गराउने साथै तपशिलका ब्यक्तिहरुलाई विपद ब्यवस्थापन कोष शिर्षकबाट निम्न बमोजिको रकम उपलब्ध गराउने निर्णय गरियो

तपिशल

| क.स. | नाम ठेगना | क्षतिको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सगुन कुमार आले- सरुमारानी गाउँपालिका वडा नं. १ | २०८२।२।७ गतेको अविरल वर्षाले हावाहुरी को कारण २ तले कच्चीधरको गारो भत्किएकोले बस्न समस्या भएको | २०,०००/- | |
| २ | नर बहादुर दरलामी- सरुमारानी गाउँपालिका वडा न. ५ हात्तिखाल | मिति २०८२।२।२६ गतेको आगोलागिबाट काठ र जस्तापाताले बनेको घरगोठको अन्नपात र फर्निचरहरु जली नष्ट भएको । | ५,०००/- | |

ख) यस गाउँपालिकामा मिति २०८२।२।७ गते हावाहुरीका कारण तपशिलका व्यक्ति/संस्थाहरुको घरको छाना हावा हुरीले उडाई क्षति पुगेकोले तत्कालका लागि निम्न व्यक्तिहरुलाई त्रिपाल उपलब्ध गराईएको ब्यहोरा जानकारी भयो ।

तपशिल

| क. स. | नाम थर | ठेगान | त्रिपाल | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | साइज | परिमाण | इकाइ | |
| १ | मनिकला दमै | सरुमारानी-३ गुरुङडाँडा | 15*18 | ३ | थान | |
| २ | शेर बहादुर गाहा | सरुमारानी-३ चाभा | 15*18 | ३ | थान | |
| ३ | चुमा राना | सरुमारानी-३ चाभा | 15*18 | ३ | थान | |
| ४ | तिमेस पुन | सरुमारानी-३ पनाहा | 15*18 | २ | थान | |
| ५ | दानादेवि पुन | सरुमारानी-३ पनाहा | 15*18 | २ | थान | |
| ६ | उमिसरा घर्ति मगर | सरुमारानी-३ वाङ्गेवेशी | 15*18 | ३ | थान | |
| ७ | लिला थापा | सरुमारानी-३ पनाहा | 15*18 | ३ | थान | |
| ८ | रेबन्ता मर्साङ्गी | सरुमारानी-३ चाभा | 15*18 | १ | थान | |
| ९ | रेबन्ता मर्साङ्गी | सरुमारानी-३ चाभा | 18*24 | ३ | थान | |
| १० | गमिसरा गाहा | सरुमारानी-३ सुजिनपुर | 15*18 | १ | थान | |
| ११ | गमिसरा गाहा | सरुमारानी-३ सुजिनपुर | 18*24 | ३ | थान | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | सविदेवि सुनार | सरुमारानी-३ धुर्वाकोट | 15*18 | २ | थान | |
| १३ | तिल बहादुर दर्लामी | सरुमारानी-३ सुजिनपुर | 15*18 | ४ | थान | |
| १४ | खिम बहादुर थापा | सरुमारानी-३ सुजिनपुर | 15*18 | ४ | थान | |
| १५ | नरमा चर्ति | सरुमारानी-३ सजिकोट | 15*18 | ३ | थान | |
| १६ | धनिसरा मिधुन | सरुमारानी-३ सजिकोट | 15*18 | ३ | थान | |
| १७ | सरिता सुनार | सरुमारानी-३ स्याउलीबाङ्गे टोल | 15*18 | ३ | थान | |
| १८ | टेक बहादुर चर्ति | सरुमारानी-३ लोङराङ | 15*18 | ४ | थान | |
| १९ | विसमिला मिया | सरुमारानी-३ लोङराङ | 15*18 | ४ | थान | |
| २० | चन्द्री रेश्मी मगर | सरुमारानी-४ तालपानी | 15*18 | १ | थान | |
| २१ | आशा गुरुङ्ग | सरुमारानी-३ हंसपुर | 15*18 | ३ | थान | |
| २२ | काशीराम शर्मा | सरुमारानी-४ बैंके | 18*24 | १ | थान | |
| २३ | कास्कोट इस्लामिक मदरासा शौचालय भवन | सरुमारानी-३ कास्कोट | 18*25 | ३ | थान | |
| | जम्मा | | | ६२ | थान | |

<u>कार्यपालिका बैठक २०८२।२।२७ गते</u>

**विपद् प्रभावित ब्यक्तिहरुको लागि सहयोग सम्बन्धमा ।**

क) २०८२।२।६ र ७ गते हावाहुरी सहितको वर्षाका कारण तपशिलका ब्यक्ति/संस्थाहरुको घरको छाना हावा हुरीले उडाई क्षति पुगेकोले क्षतिको गम्भिर्यतालाई हेरी विपद ब्यवस्थापन कोषबाट बढिमा २५,०००/- सम्म सहयोग उपलब्ध गराउने गाउँकार्यपालिकाको मिति २०८२।२।८ गतेको निर्णय अनुसार तपशिलका ब्यक्तिहरुलाई बिपद ब्यवस्थापन कोष शिर्षकबाट निम्न बमोजिको रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः

| क स | नाम थर | ठेगान | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | मनिकला दमै | सरुमारानी-३ गुरुङडाँडा | १५०००/- | |
| २ | शेर बहादुर गाहा | सरुमारानी-३ चाभा | १५०००/- | |
| ३ | चुमा राना | सरुमारानी-३ चाभा | १५०००/- | |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | तिमेस पुन | सरुमारानी-३ पैनाहा | १५०००/- | |
| ५ | मिनराज पौडेल | सरुमारानी-३ हंशपुर | १००००/- | |
| ६ | उमिसरा घर्ति मगर | सरुमारानी-३ वाङ्गेवेशी | १५०००/- | |
| ७ | नमा गाहाँ | सरुमारानी-३ सुजिनपुर | १५०००/- | |
| ८ | गमिसरा गाहाँ | सरुमारानी-३ सुजिनपुर | १५०००/- | |
| ९ | रेवन्ता मर्साङ्गी | सरुमारानी-३ चाभा | २००००/- | |
| १० | नरमा चर्ति | सरुमारानी-३ सजिकोट | १५०००/- | |
| ११ | धनिसरा मिधुन | सरुमारानी-३ सजिकोट | १५०००/- | |
| १२ | टेक वहादुर चर्ति | सरुमारानी-३ लोङराङ | १५०००/- | |
| १३ | आशा गुरुङ्ग | सरुमारानी-३ हंसपुर | १०००० /- | |
| १४ | सम्सुदिन मियाँ | सरुमारानी-३ हंसपुर | १००००/- | |
| १५ | बिसमिला मियाँ | सरुमारानी-३ लोङराङ्ग | २००००/- | |
| १६ | मान बहादुर सुनार | सरुमारानी-३ स्याउलीवाङ्ग टोल | २००००/- | |
| १७ | सविदेवी सुनार | सरुमारानी-३ धुवाकोट | १५०००/- | |
| १८ | राम पोखरी सामुदायिक भवन | सरुमारानी -३ सुजिनपुर | १००००/- | |
| १९ | कास्कोट इस्लामिक मदरासा शौचालय भवन | सरुमारानी-३ कास्कोट | १००००/- | |
| २० | निमि सुनार | सरुमारानी-१ आटिटार | १००००/- | |
| | जम्मा | | २८५०००/- | |

ख) सरुमारानी गाउँपालिका वडा नं. ४ बैंके निवासी धन बहादुर थापा मगरको मिति २०८२ जेष्ठ २३ गते भएको आगोलागीका कारण घरगोठ, लत्ताकपडा अन्नपात कागजात लगाएतका सामाग्रीहरु जलेर नष्ट भएकोले निजलाई विपद व्यवस्थापन कोषबाट रु. २५,०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ७ सडक हेरालु/मर्मत कार्यकर्ता सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बर्षादको कारण विभिन्न सडकहरुका नाली अवरुद्ध हुदा अवरुद्ध भलपानीले सडकहरु विग्रन सुरु भएकाले वडा नं. ५ र ६ मा ३/३ जना र

बाकी वडा हरुमा २/२ जना सडक हेरालु वडा समितिको सिफारिसमा राखे र निजहरुले पाउने पारिश्रमिक/ज्याला प्रधानमन्त्री रोजगार कार्यक्रमले दिएको दररेट रु. ६६८/- उपलब्ध गराउने निर्णय गरियो । साथै यो बापत खर्च हुने रकमको व्यवस्थाको लागि गाउँकार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ एम्बुलेन्स, डोजर, उद्दार टोली, मेडीकल/स्वास्थ्य टीम, खुला/सुरक्षित स्थानको पहिचान सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथी छलफल गर्दा मनसुन जन्य विपदवाट हुने संभावित घटनावाट प्रभावित व्यक्तिको उद्दार र राहातको लागि एम्वुलेन्स, डोजर, उद्दार टोली, मेडीकल/स्वास्थ्य टीम, खुला/सुरक्षित स्थानको पहिचानकव विवरण अद्यावधिक गरि तयारी अवस्थामा रहने निर्णय गरियो ।

**निर्णय नं ९ विविध सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथी छलफल गर्दा विपदको सूचना प्रवाह, तथ्यांक विवरण संकलन लगाएतका कार्य गर्न कार्यालयले एक जना कर्मचारीलाई जिम्मेवारी दिने निर्णय गरियो ।

समाप्त ।।।